# नेपाल इन्जिनियरिङ्ग परिषद

## ब्यावसायिक आचार संहिता

परिषदका दर्तावाला इन्जिनियरले नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ र नेपाल इन्जिनियरिङ्ग परिषद् नियमावली, २०५७ मा उल्लेखित व्यवस्थाको अधीनमा रही पालना गर्नु पर्ने आचार संहिता निम्नानुसार रहेका छन् :

क. **अनुशासन तथा इमान्दारिता** : अनुशासित रुपमा इमान्दारिताका साथ पेशागत मर्यादा तथा हितको बिपरित नहुने गरी इन्जिनियरिङ्ग सेवा/व्यवसाय संचालन गर्नु पर्नेछ ।

ख. **शिष्टता तथा गोपनीयता** : इन्जिनियरिङ्ग व्यवसायसंग सम्बन्धित ग्राहकसंग व्यवसायको क्रममा शिष्ट व्यवहार गर्नु पर्नेछ र ग्राहकसंग सम्बन्धित ब्यावसायिक जानकारीहरु ग्राहकको स्वीकृति बेगर अन्य कसैलाई प्रकट गर्नु हुँदैन । तर प्रचलित कानून बमोजिम त्यस्ता जानकारी सम्बन्धित निकाय समक्ष प्रकट गर्न बन्देज लागेको मानिने छैन ।

ग. **भेदभाव गर्न नहुने** : ब्यावसायिक ज्ञान र सीपको प्रयोग गर्दा धर्म, बर्ण, लिङ्ग र जाति वा अन्य कुनै पनि कुराको आधारमा ग्राहकहरु बीचमा कुनै पनि भेदभाव गर्नु हुँदैन ।

घ. **सम्बन्धित ब्यावसायिक काम मात्र गर्नु पर्ने** : आफूले अध्ययन गरेको बिषय वा हासिल गरेको ज्ञान सीपसंग सम्बन्धित क्षेत्रभित्रको ब्यावसायिक काम मात्र गर्न वा तत्सम्बन्धि सुझाव वा सिफारिस गर्नु पर्नेछ । आफ्नो व्यवसाय क्षेत्रभित्र नपर्ने बिषयसंग सम्बन्धित कामहरुका सम्बन्धमा सोसंग सम्बन्धित बिशेषज्ञ कहाँ सिफारिस गर्नु पर्नेछ ।

ङ. **इन्जिनियरिङ्ग व्यवसायमा आँच आउने काम गर्न नहुने :** आफूले पुर्‍याएको सेवा बापत पाउने पारिश्रमिक भत्ता तथा सुविधा बाहेक अन्य कुनै किसिमको अनुचित आर्थिक लाभ प्राप्त गर्न वा इन्जिनियरिङ्ग व्यवसायमा आँच आउने किसिमको कुनै अनुचित क्रियाकलाप गर्नु हुँदैन ।

च. **ब्यक्तिगत उत्तरदायित्व :** इन्जिनियरिङ्ग व्यवसायको सन्दर्भमा आफूले गर्ने प्रत्येक काम व्यक्तिगत रुपमा उत्तरदायी हुने गरी गर्नु पर्नेछ ।

छ. **नाम, पद र दर्ता नं. खुलाउनु पर्ने :** आफूले गर्ने इन्जिनियरिङ्ग ब्यावसायिक कारोबारसंग सम्बन्धित लिखित, नक्सा, डिजाइन, स्पेसिफिकेशन, इष्टिमेट आदि कागजात तथा बिवरणहरुमा आफ्नो हस्ताक्षर गर्दा आफ्नो नाम, पद र नेपाल इन्जिनियरङ्ग परिषद्मा दर्ता भएको दर्ता नं. स्पष्ट रुपमा बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

ज. **अनावश्यक प्रभाव पार्ने किसिमबाट प्रचार प्रसार तथा बिज्ञापन गर्न नहुने** : आफूले गर्ने ब्यावसायिक क्रियाकलापहरुका सम्बन्धमा ग्राहक (क्लाईन्ट) हरुलाई अनावश्यक रुपले प्रभावित गर्ने किसिमबाट प्रचार प्रसार तथा विज्ञापन गर्नु हुँदैन ।

***नोटः*** *इन्जिनियरहरुले नेपाल इन्जिनियरिङ्ग परिषद्मा दर्ता नभई सरकारी, अर्ध-सरकारी, निजी क्षेत्र, गैरसरकारी संस्था, अन्तराष्ट्रिय गैरसरकारी संस्था, दुइपक्षिय वा बहुपक्षिय संस्था र कन्सल्टेन्सी आदिमा काम गरे नेपाल कानून विपरित हुने भएकोले सजाय हुनेछ ।*

*नेपाल इन्जिनियरिङ्ग परिषद्बाट स्वीकृति नलिई संचालन गरिएका र तोकिएको समयमा निरीक्षण गराई स्वीकृति प्राप्त भई नसकेका इन्जिनियरिङ्ग शिक्षण संस्था वा शैक्षिक कार्यक्रमहरुबाट अध्ययन सकेका व्यक्ति/विद्यार्थीहरुलाई दर्तावाला इन्जिनियरहरुको रुपमा दर्ता गर्न यस परिषद बाध्य हुने छैन ।*

**सम्पर्क ठेगानाः-**
**नेपाल इन्जिनियरिङ्ग परिषद्**
भगवतीमार्ग ७४२/४१, नक्साल, काठमाडौं -१
पोष्ट बक्स नं. २०४९, फोन नं. ९७७-०१-४४२०६५५, ४४२०६५६
फ्याक्स नं. ९७७-०१-४४२२०९९
**Website**: www.nec.gov.np, **Email** : necgov@ntc.net.np